# दरामदिनमा टेन्डोङ ल्हो रूम फात पर्व पालन



**दरामदिन, ८ अगस्तः** पश्चिम सिक्किमको दरामदिनमा आयोजित राज्यस्तरीय दुइ दिवसीय टेन्डोङ ह्लो रुम फात् समारोह आज समापन भयो। समापन कार्यक्रमको पहिलो भागमा मानव संसाधन विकास विभागका मन्त्री आरबी सुब्बा मुख्य अथितिको रूपमा उपस्थित थिए। यस अतिरिक्त कार्यक्रममा मन्त्री डीटी लेप्चा, मन्त्री साथै आयोजक समितिका अध्यक्ष एनके सुब्बा, मन्त्री एके घतानी, क्षेत्र विधायक एवं संसदीय सचिव डीएन शेर्पा, विधायक केएस लेप्चा, विधायक गोपाल बराइली, विधायिका चन्द्रमाया सुब्बासहित विभिन्न विभाग र बोर्डका सल्लाहकार अनि अध्यक्षगण, आयोजक समितिका सभापति एवं पूर्व राज्यसभा सांसद ओटी लेप्चा, पूर्व मन्त्री र विधायक, विभागीय अधिकारीगण, लेप्चा संगठनसित सम्बन्धित पदाधिकारीगर्व, राज्यभित्र र बाहिरका लेप्चा समुदाय अनि आम जनताको बाक्लो उपस्थिति थियो।

मुख्य अथिति मन्त्री सुब्बाले सम्बोधन गर्ने क्रममा राज्यवासी लेप्चा समुदायलाई टेन्डोङ ह्लो रूम फातको अवसरमा सरकारको तर्फबाट शुभकामना व्यक्त गर्दै यो पर्व लेप्चा जातिको मात्रै नभएर समुचित सिक्किमेको पर्व हो भने। दरामदिनमा निर्माणाधीन अवस्थामा रहेको लेप्चा जातिको ऐतिहासिक स्वर्ग जाने सिँढी निर्माणलाई युद्धस्तर प्रदान गर्न हिजै मात्र सम्बन्धित विभागले रि-टेन्डर भएको जानकारी दिँदै अब यो परियोजना समयमा नै पूरा हुने विश्वास व्यक्त गरे। सत्तारूढ सिक्किम प्रजातान्त्रिक मोर्चाको सरकारले सिक्किमका हरेक जातिलाई सम्मान र इज्जत दिने काम गरेको बताउँदै मन्त्री सुब्बाले यो सबै मुख्यमन्त्री पवन चामलिङको दुरदर्शिता र कुशल नेतृत्वको कारण सम्भव भएको बताए। लेप्चा जाति मिलनसार साथै प्रकृतिप्रेमी अनि प्रकृतिसित जोडेर परापूर्वकालदेखि बसेको जाति हो भन्दै सिक्किमको विकासमा लेप्चा जातिको अतुलनीय योगदान रहेको उनले बताए।

अर्कोतिर मन्त्री सुब्बाले राजनैतिक मुद्दामाथि बोल्दै भने, सिक्किम सरकार केन्द्र सरकारसित निरन्तर सम्पर्कमा रहेको साथै सिक्किम विधानसभाको सीटलाई बढाएर चालिस सीट बनाउने अडानलाई केन्द्र सरकार अन्तर्गत केन्द्रिय गृह मन्त्रालयबाट सकारात्मक आश्वासन प्राप्त भइरहेको बताउँदै उनले अघि भने, सिक्किममा २०१९-को विधानसभा चुनाउमा लिम्बु र तामाङले पनि आरक्षित पाँचवटा सीटमा चुनाउ लड्न पाउने मोटामोटी तय भइसकेको छ भने। यद्यपि उनले यो कुरामा अझै काम बाँकी रहेको पनि स्पष्ट पार्दै लिम्बु र तामाङलाई ट्राइबल बनाउने पनि एसडीएफ सरकार रहेको अनि यी समुदायको निम्ति सिक्किम विधानसभामा सीट आरक्षण गरेरै छोड्ने किटान गरे। मुख्य अथिति मन्त्री सुब्बा लगायत अन्य अथितिगणले पूजापाठ पनि गरे। यस्तै प्रकारले दोस्रो भागको कार्यक्रममा मुख्य अथितिको रूपमा समारोह समितिका अध्यक्ष एवं मन्त्री एनके सुब्बा उपस्थित थिए। दोस्रो भागको कार्यक्रममा विभित्र जातिको नृत्य प्रर्दशनी समावेश गरिएको थियो।

यहाँ आयोजित कार्यक्रममा लेप्चा जातिको विकास क्रममा महत्त्वपूर्ण सामाजिक भूमिका निर्वाह गर्ने सोमबारे निवासी स्वर्गीय जलत नामग्याल लेप्चा र दरामदिन निवासी स्वर्गीय छुछिरिङ लेप्चालाई पनि उनीहरूको योगदानको कदर गर्दै आयोजक समितिले अभिनन्दन गरे। यस्तै प्रकारले लेप्चा जातिबाट गत बोर्ड परिक्षा दशौं र बाह्रौं श्रेणीमा सर्वाधिक अङ्क प्राप्त गर्ने विद्यार्थीहरू क्रमशः थिङ्ले लेप्चा र नरिप टी लेप्चालाई आयोजक समितिले अभिप्रेरित गर्दै सम्मान जनायो। अर्कोतिर कार्यक्रममा दाउचेन मायल लेप्चाद्धारा लिखित मायल नुर्डिक र बुद्धि दास लिम्बुद्धारा लिखित नाम ओथ नामक पुस्तकको पनि मुख्य अथितिको बाहुलीबाट विमोचन भयो।

टेन्डोङ ह्लो रूम फात् लेप्चा समुदायको प्राचीन ऐतिहासिक एवं प्राकृतिक पर्व हो। पहाड-पर्वत, नदी, तलाउ र गुफाहरूको स्मृतिमा पूजा-प्रार्थनाद्धारा मनाइने टेन्डोङ ह्लो रूम फात् लेप्चाहरुको इतिहाससित सम्बन्धित छ र उनीहरूले यसलाई जातीय तथा सामाजिक पर्वका रूपमा प्रतिवर्ष मनाउने गर्छन्। विषेश गरी यो पर्व मायलल्याङ् (गुप्त स्वर्गभूमि) सिक्किमको मध्यभाग टेन्डोङ् पहाड पर्न गएको हुनाले सबै पूजा-प्रार्थना यसै पहाडलाई केन्द्रित गरी भव्यरूपले मनाउने परम्परा चलिआएको हो। सर्वप्रथम लेप्चा मूनले अथवा पुरोहित बुङथिङ्ले आफ्ना अवतारी महापुरुषहरूलाई आह्वान गर्दै जनसाधारणलाई अनिकाल या महामारी जस्ता भयङ्कर दैवीप्रकोपबाट सुरक्षित होस् भन्दै आराधना गर्छन् उनीहरूले। टेन्डोङ ह्लो रूम फात् अर्थात् टेन्डोङ पहाडको पूजाको ऐतिहासिक पृष्ठभूमि के छ भने सृष्टिको आदिकालमा हिमाली पर्वत श्रेणी बनिँदै थियो तर टिस्टा र रंगीत नदी बग्न थालेका थिएनन्। त्यसबेला यी दुइ नदीको मुहान क्रमशः नाहो र नाथोर पोखलाई प्रचण्ड भूकम्पले क्षतिग्रस्त तुल्यायो। यसरी टिस्टा र रंगीतको वासस्थान भत्किनाले नाहोबाट टिस्टा र नाथोर पोखबाट रंगीत नदी बग्न थाले। बग्दै जाँदा सही बाटो देखाउन नागराज पारिलवु र तुत्थोले पथ प्रदर्शकको काम गरे र यी दुवैको संगम भएको ठाउँ पेजोक वा अहिलेको पोसोकसम्म पुऱ्याए भन्ने उपाख्यान छ। नदीहरु बग्दै जाँदा अभाग्यवश पानीको वेगले जमीनलाई भत्काएर जनजीवनलाई त्राही-त्राही पाऱ्यो। उनीहरूले जीवन बचाउन भागेर विभिन्न पहाडका टाकुरामा आश्रय लिन पुगे। टेन्डोङ पर्वत छेउ-छाउमा बस्नेहरु पनि ज्यान जोगाउन टेन्डोङका चुलीमा चड़े। अर्कोतिर फेरि भुइँचालो आयो, परिणाम स्वरूप वर्तमान सिक्किमको उत्तरी भागमा अग्ला-अग्ला पहाड-पर्वतको उत्पत्ति भयो। त्यसबेला नदी दक्षिणतिर बग्न थाल्यो र जनताले विनाश हुनबाट ज्यान जोगाउन मौका पाए, लेप्चा वंश सुरक्षित रह्यो। यसै ऐतिहासिक घटनाका आधारमा लेप्चाहरुले पहाड-पर्वतको पूजा गर्ने परम्परागत पर्वको जन्म भएको हो भन्ने लेप्चा जातिको जानिफकारहरू बताउँछन्। कार्यक्रमलाई आयोजित समितिका सभापति एवं पूर्व राज्य सभा सांसद ओटी लेप्चा र आरएमआरटी-का सभापति एनटी लेप्चाले पनि सम्बोधन गरेको थियो।

# ज्ञान ज्योति कलेजद्वारा स्थापना दिवस पालन

**सिलगढ़ी, ८ अगस्तः** ज्ञान ज्योति कलेज, दागापुर सिलगढ़ीले आज कलेज परिसरमा आफ्नो १३औं वार्षिक स्थापना दिवस पालन गऱ्यो। उत्तर बंगाल विश्वविद्यालयका रेजिस्टार (कार्यालय) डा. लक्ष्मीकान्त पधी मुख्य अतिथि रहेका यो स्थापना दिवस कार्यक्रम वाणिज्य विभागकी प्रो. सुचिस्मिता पलको सरस्वती बन्दनाबाट आरम्भ भएको थियो जसमा जीजेसीको प्रमुख संस्था विवेकानन्द एकाडेमिक फाउण्डेशनका बोर्डका सदस्यहरूले दीप प्रज्ज्वलन गरेका थिए।

कार्यक्रममा मुख्य अतिथि अनि भीएएफका सदस्यहरूलाई अभिनन्दन जनाइयो। यसपछि स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै भीएएफ अध्यक्ष जीएस होराले सुन्दर भविष्य निर्माण गर्नको निम्ति मजबुत आधार बनाउनु पर्ने आवश्यकतामाथि जोर दिए। यसरी नै भीएएफका उपाध्यक्ष सुजित कुमार राहाले व्यक्तित्वको सर्वाङ्गीण विकास आवश्यक रहेको बताए। मुख्य अतिथि डा. लक्ष्मी कान्तले कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा जीवनलाई अघि बढ़ाउन अनि महान उपलब्धि हासिल गर्न सामूहिक कार्यमाथि ध्यान दिनपर्ने मन्तव्य राखे।




कार्यक्रमको दोस्रो भागमा सुजित कुमार राहाले कलेजको पत्रिका 'रिफ्लेक्शन्स' को विमोचन गरे। कलेजले यस अवसरमा कलेजका दुईजना पूर्व विद्यार्थी अमित अग्रवाल अनि मेघा रोयलाई उनीहरूको उल्लेखनीय उपलब्धिको निम्ति अभिनन्दन जनायो भने वर्ष २०१६-१७ सत्र वार्षिक परीक्षाका टपर्सलाई पनि सम्मान जनायो। संस्कृति कार्यक्रम अन्तर्गत कलेजका विद्यार्थीहरूले प्रस्तुत गरेका गीत अनि नृत्यले समारोहको शोभा बढ़ाएको थियो। अन्तमा कलेजका सांस्कृतिक संयोजक प्रो. बापन डेनले स्थापना दिवस समारोह सफल बनाएकोमा सबैलाई धन्यवाद दिए।

# उत्तरे फूटबलः तीनवटा टीम अघिल्लो चरणमा

**गेजिङ ०८ अगस्तः** मानेबुङ देन्ताममा ७१ औं स्वतन्त्रता दिवसको अवसरमा फूटबल म्याच चलिरहेको छ। यहाँको उत्तरे स्कूलको खेल मैदानमा मनाइने ७१ औं स्वधीनता दिवसलाई ध्यानमा राख्दै गत ३० जुलादेखि महिला अनि पुरुष बर्गमा चलिरहको फूटबल खेल अन्तर्गत आज उत्तरे वरिष्ठ माध्यमिक पाठशाला र गेजिङ वरिष्ठ माध्यमिक पाठशालाबीचमा भिड़न्त भयो जसमा उत्तरे वरिष्ठ माध्यमिक पाठशालाले शून्यको विरुद्ध ७ गोल गरी अघिल्लो चरणमा प्रवेश गरेको छ। दोस्रो चरणको खेल पुरुष वर्गमा हि युनाइटेड र फुड एवं सिभिल सप्पलाईबीच भएको थियो जसमा टाइब्रेकरमा हि युनाइटेडले विजय प्राप्त गऱ्यो। यसैगरी तेस्रो चरणको खेल खुसेन्द्र एफसी र अल्पाइन एफसीमाझ सम्पन्न भयो जसमा खुसेन्द्र एफसीले शून्यको विरुद्ध ३ गोल गरेर दोस्रो चरणमा प्रवेश गरेको छ। आजको यस अति आकर्षक



खेल अवधि मुख्य अतिथिको रूपमा याक्सोम-टासोडिङ समष्टि विधायक एवं संसदीय सचिव ग्रामीण प्रबन्धन विभाग सोनाम डाडुल भोटिया रहेका थिए।

उनले यसरी प्रत्येक वर्ष यस क्षेत्रको कार्यक्रममा सामेल हुन पाएकोमा हर्ष व्यक्त गर्दै यस क्षेत्रले धैरै प्रगतिशील कार्य गरेको बताए। ग्रामीण स्तरदेखिनै यसरी उत्कृष्ट खेलहरु आयोजन गरेर एक उदाहरणीय भूमिका निर्वाह गरेको जनाउँदै युवाहरूलाई प्रोत्साहन गर्न सरकार अघि रहेको बताए। यस अवसरमा खण्ड विकास अधिकारी समारोहका सभापति एलपी सुब्बा विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा खेलप्रेमी दर्शकहरुको उपस्तिथि रहेको थियो।

## बाढ़ले बंगालमा ५०० करोड़ अधिकको नोक्सान

**कोलकाता, ०८ अगस्त (हिस)।** पश्चिम बंगालमा बाढ़को ताण्डवले जान-मालको भारी नोकसान भएको छ। राज्य सचिवालय नवान्नद्वारा केन्द्रलाई पठाइएको रिपोर्ट अनुसार, विभीषिकाबाट अहिलेसम्म राज्यलाई ५५३ करोड़को नोकसान भईसकेको छ।

राज्यका मुख्य सचिव मलय देको तर्फबाट केन्द्रलाई पठाइएको रिपोर्ट मुताबिक, दक्षिण बंगालको पाँच जिल्ला बाढ़ले सर्वाधिक प्रभावित भएका छन्। यी पाँच जिल्लाहरूमा पश्चिम मेदिनिपुर, हावड़ा, हुगली, बांकुड़ा एवं पूर्व बर्दवान सामेल छन्। बाढ़ले राज्यका लगभग १९ लाख मानिसको जनजीवन प्रभावित भएको छ। लगभग ६० हजार कच्चा-पक्का घर आंशिक अथवा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। साथै ढाई लाख हेक्टेर भूमि पानी मुनि भएको कारण त्यसमा फसल हुने कुनै सम्भावा बाँचेको छैन। राज्य सरकारले केन्द्रसित बंगालको बाढ़लाई प्राकृतिक आपदा घोषित गर्नको साथै राष्ट्रिय आपदा राहत कोषबाट सहायता दिइने माग गरेको छ।

## लाहौरमा विस्फोटमा ४६ जना घाइते

**लाहौर, ०८ अगस्त (हिस)।** लाहौरमा सोमबार साँझ एक ट्रकमा भएको विस्फोटमा कम्तीमा ४६ जना घाइते भएका छन्, जसमा चार जनाको स्थिति गम्भीर छ। अधिकारीहरू अनुसार, यो विस्फोट लाहौरको आट फल रोडमा पार्किङ स्ट्याण्डमा खड़ा एक ट्रकमा भयो। यो ट्रक यहाँ तीन दिनदेखि खड़ा थियो। विस्फोट यति शक्तिशाली थियो, पार्किङ स्ट्याण्डमा खड़ा १०० भन्दा अधिक वाहन क्षतिग्रस्त भए। एक प्रत्यक्षदर्शी अनुसार, ट्रक वरिपरि खड़ा चार-पाँच कार त १० देखि १५ फीटसम्म हावामा उड़े। यति मात्र होइन वरिपरिका घरहरूको ऐना फुट्यो औं एक स्कूलको छप्पर पनि झऱ्यो। समाचार डन अनुसार, प्रत्यक्षदर्शीहरूले बताए, विस्फोटको आवाज ४ देखि ५ किलोमीटरसम्म सुनियो। यस विस्फोटमा सागिआन पावर ग्रिड पनि क्षतिग्रस्त भयो।

# ममताले राज्यका थानाको आधुनिकीकरण गर्ने

**कोलकाता, ०८ अगस्त (हिस)।** अस्पताल, स्कूल, नर्सिङ होमपछि अब मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यका थानाहरूलाई आधुनिकीकरणले युक्त गर्ने निर्णय लिएकी छन्। यस अन्तर्गत राज्य सरकारले ५२ थानाको आधुनिकीकरण गर्नेछ। सोमबार यो प्रस्ताव नवान्नको तर्फबाट भवानी भवनलाई दिइयो। इन्स्पेक्टर जनरल आनन्द कुमारद्वारा प्रस्तावित चिट्ठी अहिले राज्यको स्वराष्ट्र एवं पार्वत्य विषयक विभागको युग्म सचिव सहित १४ जिल्लाका पुलिस सुपरलाई दिइयो। उल्लेख्य, गत दश वर्षदेखि पुलिस प्रशासनको तर्फबाट राज्यका विभिन्न स्तरमा कुनै विशेष बदलाव गरिएन। यसैले राज्यका स्वराष्ट्र विभागले थानालाई आधुनिकीकरण गर्ने निर्णय लियो। बताइँदैछ, पहाड़देखि लिएर जंगलमहलसम्म राज्यका अधिकांश थानाहरूमा इन्स्पेक्टर इन्चार्ज एवं आईसी छैनन्। यहाँ केवल सब इन्स्पेक्टरद्वारा नै थानाको सबै काम गरिन्छ। राज्य सरकारले निर्णय लिएको छ, राज्यका ओसी प्रधान सबै थानामा फेरबदल गरी सब इन्स्पेक्टरलाई इन्स्पेक्टरको दर्जा दिइनेछ। यस मामिलामा १३ जुलाईमा नै राज्यको स्वराष्ट्र एवं पार्वत्य विषयक विभागको युग्म सचिवलाई राज्यका इन्स्पेक्टर जनरल आनन्द कुमारले एक चिट्ठी दिएका थिए जसमा भनिएको थियो, राज्यको जनसंख्या पहिलेभन्दा बढ़िसकेको छ। यसको साथै दोकान तथा बजारहरूको संख्या पनि बढ़ेको छ।

कोलकाता बाहिर पनि शपिङ मोल बनाइएको छ। सड़कहरू पनि चौड़ा भएका छन् तथा ग्रामीण अचंलहरूको पनि प्रारूप बदलेको छ। यसलाई ध्यानमा राख्दै राज्यका सबै जिल्लाहरूमा पुलिस व्यवस्थामा पनि बदलाव गर्निनु अनिवार्य छ। यसको निम्ति राज्यका केही थानालाई आईसी स्तरमा बदलाव गरिनेछ। आईजी आनन्द कुमारले आफ्नो चिट्ठीमा राज्यका विभिन्न प्रान्तहरूका जिल्लाको उल्लेख गर्दै थानाको तालिका पनि पठाएका थिए। त्यस चिट्ठीमा राज्यका कुन-कुन थानाको विकास अनिवार्य छ, त्यसबारे विस्तारले लेखिएको थियो। हरेक थानाको क्षेत्रको आय़तन एवं जनसंख्याको उल्लेख गरिएको थियो। सोमवार ५२ जिल्लाको एसपी कहाँ आईजी आनन्द कुमारको यो चिट्ठीको प्रतिलिपि पठाइयो। लगभग १४ जिल्लाको ५२ थानामा अफिसर इन्चार्ज अथवा ओसी एक इन्स्पेक्टरलाई बनाइनेछ। सुन्दरवन जिल्ला पुलिस, बरूईपुर पुलिस जिल्ला, नदिया, पुरूलिया, बांकुड़ा, जलपाईगढ़ी, उत्तर दिनाजपुर एवं मालदह जिल्लाहरूमा हरेक चार थानाको आधुनिकीकरण गरिनेछ। उत्तर २४ परगना, मुर्शिदाबाद, पूर्व मेदिनिपुर एवं दक्षिण दिनाजपुर जिल्लाको तीन थानाको आईसी स्तरमा आधुनिकीकरण गरिनेछ। नयाँ जिल्ला पूर्व बर्दवान जिल्लाको पाँच थाना एवं ग्रामीण हावड़ाको दुई थानाको आधुनिकीकरण गरिनेछ। बादुड़िया, बसीरहाट, धुलागढ़मा पहिले जस्तो घटना फेरि नघटोस यसको निम्ति मुख्यमन्त्री तथा स्वराष्ट्र मन्त्री ममता ब्यानर्जीले जिल्लाको थानालाई आधुनिकीकरण गर्ने निर्णय लिइन्। आईसीको दायित्व थानाको कामहरूलाई देख्नबाहेक दुर्घटना घटेवापत तुरन्तै घटनास्थल पुग्नुपर्नेछ। यसको निम्ति थानाको नियम कानूनमा पनि विशेष बदलाव गरिनेछ। मुख्यमन्त्री अनुसार, यसबाट आम जनतालाई विशेष लाभ पुग्नेछ। मुख्यमन्त्रीको यस निर्मयलाई पुलिस अधिकारीहरूले सराहना गरेका छन्।

## अगापे बेप्टिस्ट चर्चद्वारा लाटपञ्चरमा खाद्यान्न प्रदान



**रम्फू, ८ अगस्तः** अगापे बेप्टिस्ट चर्च माझीटार पूर्व सिक्किमले दार्जीलिङ जिल्लामा चलिरहेको बन्दको कारण प्रभावित बनेका परिवारहरूप्रति चर्चको तर्फबाट कोशेली स्वरुप खाद्यान्नहरू प्रदान गरेका छन्। आज चर्च सदस्यहरू सामग्री लिएर लाटपञ्चर ६ माइल, उत्तर पूर्व सेल्पू र लाटपञ्चर पूगी १०२ परिवारबीच चामल, तेल, नून र अन्य खाद्य सामग्रीहरू प्रदान गरे। जरूरत परे भविष्यमा पनि यस प्रकारका सहयोगको निम्ति चर्च तयार रहेको चर्च सदस्यहरूले बताएका छन्। उक्त कोसेली तयार पार्नमा कनान चर्च र नाजरात क्रिश्चियन फेलोशिप आइबीएम रम्फूले सहयोग गरेको जानकारी छ।

## हाउलर्स स्पोर्टिङ क्लब र सिङताम स्कूल विजयी




**सिङताम, ८ अगस्त।** गोलीटार खेल मैदानमा आजको १० औं लक्षुमन प्रधान स्मारक फुटबल प्रतियोगिताको म्याच सिङताम पुलिस अनि डाउलर्स स्पोर्टिङ क्लब बीच भीड़न्त भयो। यस अवसरमा डीएसपी चुण्डी छोपेल भोटिया मुख्य अतिथि अनि एमईओ सिङताम नगर पञ्चायत हिम्मत राई तथा उपसभापति विष्णु माया शेर्पा विशिष्ट अतिथिको रुपमा उपस्थित थिए। अति नै रोमाञ्चित रहेको आजको म्याचमा हाउलर्स स्पोर्टिङले १ -० को अन्तरले जित हासिल गरेर क्वार्टर फाइनलमा प्रवेश गर्न सक्षम बनेको छ। यसरी नै आज विनोद राई स्मारक खुल्ला महिला फुटबल टुर्नामेन्टको म्याच सिङताम उच्चत्तर माध्यमिक पाठशाला अनि सुमिन लिङ्चे स्कूल माझ सम्पन्न भयो। यस म्याचमा खेलको अन्तसम्म सुमिन लिङ्चे स्कूलले एउटै पनि गोल लगाउन सकेन भने सिङ्ताम स्कूलले ३ गोल लगाएर शानदार जित हासिल गरेर सेमि फाइनलमा प्रवेश गरेको छ। सिङताम स्कूलले आगामी १० अगस्तको दिन सेमि फाइनलमा रेस नाइन गान्तोकसित सामना गर्नु पर्ने छ। भोलिको महिला फुटबलको सेमिफाइनल म्याच टिकाराम निरौला उच्चत्तर माध्यमिक पाठशाला बनाम सिङ्लेबुङ महिला दलसित भीड़न्त हुनेछ भने लक्षुमन प्रधान फुटबलको क्वार्टर फाइनल एनएसएफए मंगन अनि पाण्डाम एफए बीच सम्पन्न हुनेछ।

## सर्वोच्चद्वारा केन्द्र र जम्मू कश्मीर सरकारको आलोचना

**नयाँ दिल्ली, ०८ अगस्त (हिस)।** जम्मू-कश्मीरमा अल्पसंख्यक आयोग बनाउने माग गरिएको एक जनहित याचिकामा सुनवाई गर्दै आफ्नो जवाफ दर्ता गरेबापत सुप्रीम कोर्टले केन्द्र र जम्मू-कश्मीर सरकार दुवैको आलोचना गरेको छ। कोर्टले उनीहरूलाई तीन महिनाभित्र यसमा आफ्नो रिपोर्ट दर्ता गर्नलाई भन्यो। पछिल्लो सुनवाईमा सरकारले भनेको थियो, केन्द्र र राज्य सरकारबीच बैठक भएको थियो तर अझ केही समयको आवश्यकता छ किनभने यसको निम्ति उच्च प्राधिकारको हस्तक्षेपको आवश्यकता छ। त्यसघि सुनवाईमा सुप्रीम कोर्टले केन्द्र र राज्य सरकार दुवैसित यसको एक समाधान निकाल्नलाई भनेको थियो। याचिकाकर्ता अंकुर शर्माले याचिका दर्ता गरी माग गरे, राज्यमा अल्पसंख्यक आयोगको गठन गरियोस् ताकि राज्यबाट अल्पसंख्यकहरूको धार्मिक र भाषायी हित सुरक्षित रहोस्। याचिकामा भनिएको छ, राज्यमा करोड़ौं रूपियाँ अल्पसंख्यकहरूको नाममा खर्चा भईरहेछ। राज्यमा मुस्लिमहरूलाई अल्पसंख्यकको दर्जा दिइएको छ तर २०११ को जनगणना मुताबिक, राज्यमा मुस्लिमहरूको जनसंख्या ६८.३१ प्रतिशत छ। याचिकाको जम्मू-कश्मीरको सरकारले विरोध गर्दै भनेको थियो, राष्ट्रिय अल्पसंख्यक आयोग एक्ट १९९२ लाई जम्मू-कश्मीरमा लागू नगरिएको अर्थ, त्यहाँका अल्पसंख्यकहरूले सुविधाहरू पाउनेछैनन् भन्ने होइन। कोर्टले कुनै खास मुद्दामा कानून बनाउनको निम्ति निर्देश दिन नसक्ने राज्य सरकारले दलील दिएको थियो। ज्ञात होस्, ०६ फरवरीमा सुप्रीम कोर्टले हलफनामा दर्ता नगरिएबापत केन्द्र सरकारमाथि तीस हजार रूपियाँको जरिमाना लगाएको थियो। चीफ जस्टिस जेएस खेहरले केन्द्रको प्रतिनिधित्व गरिरहेका तुषार मेहतालाई अधिकतर मामिलाहरूमा तपाईको रबैया यस्तै रहने गरेको भनेका थिए।



रम्फू, ८ अगस्तः प्रत्येक वर्ष सरह यसपाली पनि पूर्व सिक्किम पश्चिम पाण्डम निर्वाचन क्षेत्रअन्तर्गत च्युरिबोटेका त्रिवेणी स्वयं सहायता समूहका ११ सदस्य प्रतिनिधिहरू तीन दिवसीय आध्यात्मिक भ्रमण सकेर हिजो सिक्किम फर्के। यसपाली उक्त समूह छिमेकी राष्ट्र नेपालको हलाशी शिव मन्दिर पूगी बोम बम यात्राको साथ पूजा अर्चना गरेर परिवार, समाज, क्षेत्र र राज्यमा रहेको शान्ति यथावत राख्ने विशेष प्रार्थना गरेको बताएका छन्।